# स्थनीय राजपत्र

**पालुङटार नगरपालिकाद्धारा प्रकाशित**

**खण्ड ०८) पालुङटार, असोज १० गते, २०८१ साल (संख्या ५**


पालुङटार नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग २

## नगर अनुदानमा सहयोगी शिक्षक व्यवस्थापन कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।०६।१०

**प्रस्तावना** : पालुङटार नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्याको अनुपातमा तथा विषयगत संख्याको आधारमा नेपाल सरकारबाट उपलब्ध गराएका शिक्षक दरबन्दी कम भएका विद्यालयमा र विद्यालयमा कार्यरत महिला शिक्षकहरु प्रसुती हुँदाका बखत प्रसुती हुनु अघि वा पछि विदा बसेको अवस्थामा पठनपाठन सुचारु गर्न नगर सभाबाट स्वीकृत बजेटमा करारमा सहयोगी शिक्षक छनौट तथा परिचालन कार्यलाई व्यवस्थित गर्न पालुङटार नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी पालुङटार नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम “नगर अनुदानमा सहयोगी शिक्षक व्यवस्थापन कार्यविधि, २०८१” हुनेछ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषा** : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) “कार्यपालिका” भन्नाले पालुङटार नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ ।

(ख) “कार्यविधि” भन्नाले “नगर अनुदानमा सहयोगी शिक्षक व्यवस्थापन कार्यविधि, २०८१” सम्झनु पर्दछ ।

(ग) “छनौट समिति” भन्नाले दफा ६ बमोजिमको समितिलाई सम्झनु पर्दछ ।

(घ) “नगरपालिका” भन्नाले पालुङटार नगरपालिकालाई सम्झनु पर्दछ ।

(ङ) “नगर उप-प्रमुख” भन्नाले पालुङटार नगरपालिकाको उप प्रमुखलाई सम्झनु पर्दछ ।

(च) “नगर प्रमुख” भन्नाले पालुङटार नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(छ) “नगर शिक्षा समिति” भन्नाले नगरपालिकाको नगर शिक्षा समितिलाई सम्झनु पर्दछ ।

(ज) “सहयोगी शिक्षक” भन्नाले यस कार्यविधिको दफा ८ बमोजिम छनौट भई सामुदायिक विद्यालयमा नियुक्ति हुने १८ वर्ष उमेर पुगेको र ४० वर्ष उमेर ननाघेको सहयोगी शिक्षक सम्झनु पर्दछ ।

(झ) “सामुदायिक विद्यालय” भन्नाले पालुङटार नगरपालिकाभित्र नियमित रुपले सरकारी अनुदान पाउने गरी सञ्चालित विद्यालय सम्झनु पर्दछ ।

(ञ) “शिक्षक दरबन्दी” भन्नाले सामुदायिक विद्यालयमा उपलब्ध गराएका शिक्षक दरबन्दी र राहत अनुदान कोटा सम्झनु पर्दछ ।

**३. उद्देश्य :** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(१) विद्यालयको पठनपाठनलाई निरन्तरता दिन आवश्यक जनशक्ति व्यवस्थापन गर्ने,

(२) सामुदायिक विद्यालयको अंग्रेजी, गणित, विज्ञान, कम्प्युटर विज्ञान र नेपाली विषयमा शिक्षक अभावलाई आंशिक रुपमा परिपूर्ती गर्ने,

(३) विद्यालयको शैक्षिक अवस्थामा सुधार ल्याउने,

(४) शिक्षित युवालाई रोजगारको अवसार प्रदान गर्ने,

(५) विद्यालय स्तरको शैक्षिक गुणस्तर अभिबृद्धिमा सघाउ पुर्‍याउने,

(६) युवा वर्गमा शिक्षण सिप, दक्षता र नेतृत्व विकासको अवसर उपलबध गराउने ।

**४. सहयोगी शिक्षक उपलब्ध गराउने आधार :** सामुदायिक विद्यालयहरुलाई सहयोगी शिक्षक उपलब्ध गराउनको लागि देहाय बमोजिमको आधार लिइनेछ :-

(१) नियमानुसार शिक्षक प्रसुती बिदा बसेको विद्यालय,

(२) शिक्षक विद्यार्थी अनुपात बढी भएको विद्यालय,

(३) कक्षागत तथा तहगत शिक्षक दरबन्दी नभएको विद्यालय,

(४) आन्तरिक आयस्रोत नभएको विद्यालय ।

**५. सहयोगी शिक्षकको कोटा निर्धारण गर्नु पर्ने** : प्रत्येक आर्थिक वर्ष नगर सभाबाट विनियोजित बजेटको आधारमा नगरपालिकाको अनुदान रकमबाट तलब भत्ता खाने गरी सहयोगी शिक्षक नियुक्ति गर्नको लागि नगर शिक्षा समितिले कोटा निर्धारणको लागि गरेको सिफारिसको आधारमा कार्यपालिकाले तह र विषय खुलाई कोटा निर्धारण गर्नेछ ।

**६. सहयोगी शिक्षक छनौट समिति :** (१) यस कार्यविधि बमोजिम सामुदायिक विद्यालयमा सहयोगी शिक्षक छनौटको लागि देहाय बमोजिमको छनौट समिति गठन गरिनेछ :-

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी - संयोजक

(ख) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(ग) नगरपालिकाको विषय विज्ञको सुचीमा सूचीकृत मध्ये २ जना वा आवश्यकता अनुसार विषय विशेषज्ञ - सदस्य

(घ) शिक्षा शाखा प्रमुख वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले आवश्यक ठानेमा सम्बन्धित बिषय क्षेत्रको विज्ञ सदस्य थप गर्न सक्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आवश्यकता अनुसार कार्यालयको निर्णय बमोजिम छनौट समिति गठन गर्न बाधा पर्ने छैन ।

**७. सहयोगी शिक्षक छनौट समितिको काम, कर्तव्य र अधिकार :** (१) सहयोगी शिक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सहयोगी शिक्षक करारमा नियुक्ति गर्न नगरपालिका समक्ष सिफारिस गर्न आवश्यक कार्य गर्ने,

(ख) परीक्षाको लागि तह अनुसारको पाठ्यक्रम तोकिए बमोजिम गर्ने,

(ग) परीक्षा सञ्चालनको लागि आवश्यक जनशक्ति परिचालन गर्ने, व्यवस्थापकीय कार्यहरु गर्ने/गराउने,

(घ) परीक्षालाई मर्यादित, स्वच्छ, निष्पक्ष एवं त्रुटी रहित तुल्याउन आवश्यक कार्यहरु गर्ने,

(ङ) परीक्षा सञ्चालनको सम्बन्धमा नगर कार्यपालिका र नगर शिक्षासँग आवश्यक समन्वय गर्ने,

(च) परीक्षा सञ्चालनको लागि आवश्यक अन्य कार्यहरु गर्ने ।

(२) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

८. **छनौट प्रक्रिया :** (१) नगरपालिकाले दफा ५ बमोजिम निर्धारण गरे अनुसारको सहयोगी शिक्षकको संख्या र तह उल्लेख गरी नगरपालिकाको वेवसाइट, फेसबुक पेज वा स्थानीय सञ्चार माध्यम मार्फत कम्तीमा १५ दिनको सूचना प्रकाशन गरी दरखास्त आव्हान गर्नेछ र उक्त सूचना वडा कार्यालय तथा नगरपालिकामा समेत टाँस गरिनेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशन हुने विज्ञापनमा देहाय बमोजिमका व्यक्तिहरुले दरखास्त दिन सक्नेछन् :-

(क) नेपाली नागरिक,

(ख) १८ वर्ष उमेर पुगेको र ४० वर्ष उमेर ननाघेको,

(ग) मानसिक सन्तुलन नबिग्रीएको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार नठहरिएको,

(ङ) भबिष्यमा सरकारी नोकरी एवं शिक्षक सेवाको लागि अयोग्य हुने गरी सेवाबाट बर्खास्त नभएको,

(च) शिक्षक सेवा आयोगले तोकेको न्यूनतम शैक्षिक योग्यता र तालिम भएको,

(छ) अध्यापन अनुमति पत्र प्राप्त गरेको ।

(३) प्रतिस्पर्धामा भाग लिन इच्छुक उम्मेदवारले तोकिए बमोजिमको परीक्षा दस्तुर दाखिला गरेको निस्सा सहित तोकिएको समय अवधि भित्र अनुसूची १ बमोजिमको आवश्यक कागजातहरु सहित नगरपालिकाको शिक्षा शाखामा आवेदन पेश गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम प्रकाशित विज्ञापन अन्तर्गतको कोटामा सहयोगी शिक्षक पदपूर्ती गर्नको लागि लिइने खुल्ला प्रतियोगितात्मक परीक्षाको पाठयक्रम, परीक्षा प्रणली तथा मूल्याङ्कन प्रणाली  शिक्षक सेवा आयोगले अपनाए बमोजिम हुनेछ ।

(५) समितिले सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारहरुलाई उम्मेदवारको रोल नं, नाम, थर, ठेगाना, काम गर्न तोकिएको विद्यालय आदि समेत उल्लेख गरी सफल उम्मेदवारको योग्यताक्रमको सूची प्रकाशन गर्नको लागि नगरपालिकालाई सिफारिस गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम समितिले सिफारिस गरेको योग्यताक्रमको सूची नगरपालिकाले प्रकाशन गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिमको सूची प्रकाशन गर्दा सूचीकृत मूख्य उम्मेदवारलाई नगरपालिकाले ७ (सात) दिनको म्याद दिई करार गर्न सूचना दिनु पर्नेछ ।

९. **कार्यशर्त, पारिश्रमिक र समय अवधि :** (१) यस कार्यविधि बमोजिम सेवा करारमा सम्झौता गरिएका सहयोगी शिक्षकको मासिक पारिश्रमिक सम्बन्धित तहको सुरु तलब स्केलमा नबढ्ने गरी करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम करार गर्दा काम शुरु गर्ने मिति र अन्त्य गर्ने मिति समेत उल्लेख गर्नु पर्नेछ । तर त्यस्तो करारको अवधि एक पटकमा ६ महिना भन्दा बढी हुने छैन ।

(३) कार्य सम्पादनको आधार र विद्यालयमा आएको शैक्षिक सुधार समेतलाई विश्लेषण गरी सहयोगी शिक्षकहरुको करार अवधि नगरपालिकाले पुन थप वा नविकरण गर्न सक्नेछ ।

(४) करार सम्झौता गरिएका सहयोगी शिक्षकको कार्य सम्पादन सन्तोषजनक नभएमा वा नगरपालिका वा विद्यालयको हित विपरित आचारण गरेको पाइएमा सफाइको मौका दिई नगरपालिकाले जुनसुकै बखत करारबाट हटाउन सक्नेछ ।

(५) करारमा रहेका सहयोगी शिक्षकले करार अवधि बाँकी रहँदै स्वेच्छाले करार सम्झौता रद्द गर्न चाहेमा कम्तीमा १ (एक) महिना अगाडी नगरपालिकामा लिखित रुपमा जानकारी गराइ स्वीकृत भएमा करारको समाप्ति हुनेछ ।

(६) यस कार्यविधि बमोजिम सहयोगी शिक्षकले करारमा काम गरेकै आधारमा पछि कुनै पदमा अस्थायी वा स्थायी नियुक्ति हुनाका लागि कुनै पनि दाबी गर्न पाउने छैन । र यस सम्बन्धमा कही कतै उजुर लाग्ने छैन ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि करार सम्झौतामा उल्लेख भएका कार्य शर्तहरुको पालना गर्नु प्रत्येक सहयोगी शिक्षकको कर्तव्य हुनेछ ।

१०. **करार सम्झौता स्वतः रद्द हुने :** हाल सहयोगी शिक्षक कार्यरत पदमा स्थायी शिक्षक खटिइ आएमा वा  अन्य अर्को कुनै व्यवस्था भएमा करार सम्झौता स्वतः रद्द हुनेछ ।

११. **बैठक भत्ता :** समितिको सदस्यहरुको बैठक भत्ता र बैठक सम्बन्धी अन्य खर्च नगरपालिकाको आर्थिक ऐन बमोजिम शिक्षा, युवा तथा खेलकुद शाखाले उपलब्ध गराउनेछ ।

१२. **लेखा र लेखा परीक्षण :** (१) आन्तरिक लेखा परीक्षण नगरपालिकाको आन्तरिक लेखा परीक्षकबाट हुनेछ ।

(२) अन्तिम लेखा परीक्षण महालेखा परीक्षक वा निजले तोकेको लेखा परीक्षकबाट हुनेछ ।

१३. **प्रतिवेदन पेश गर्नु पर्ने :** (१) शिक्षा शाखाले समितिले गरेको वर्षभरिको काम कारबाहीको प्रतिवेदन कार्यपालिकालाई बुझाउनु पर्नेछ ।

(२) कार्यालयले वार्षिक रुपमा प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ ।

१४. **नगरपालिकालाई आर्थिक दायित्व सिर्जना गर्न नहुने :** नगरपालिकाको स्वीकृति बिना समितिले नगरपालिकालाई थप आर्थिक भार पर्ने गरी दायित्व सिर्जना गर्नु हुदैंन ।

१५. **व्याख्या, संशोधन र खारेजी :** यो कार्यविधिको व्याख्या, संशोधन तथा खारेजी गर्ने सम्पूर्ण अधिकार नगर कार्यपालिकामा निहित रहने छ ।

**१६. प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा लेखिएमा सम्पूर्ण कुरा यसै कार्यविधि बमोजिम र यस कार्यविधिमा नलेखिएको विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ

## अनुसूची १

### (दफा ८ को उपदफा ३ सँग सम्बन्धित)

सहयोगी शिक्षक पदमा इच्छुक उम्मेदवारहरुले तपशिल बमाजिमको कागजातहरु पेश गर्नु पर्नेछ ।

तपशिल :

(१) सम्बन्धित तहको लागि न्यूनतम शैक्षिक योग्यताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,

(२) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि,

(३) अध्यापन अनुमतिपत्रको प्रमाणित प्रतिलिपि,

(४) अनुभव भए सोको प्रमाणित प्रतिलिपि,

(५) कुनै विद्यालयमा कार्यरत भएको भए सोको प्रमाणित प्रतिलिपि,

(६) कार्यालयले तोकेको अन्य कागजात ।

आज्ञाले,
गौतम भण्डारी
प्रमुख प्रशासकीय अधिकृत